# राजापुर राजपत्र

## राजापुर नगरपालिकाद्धारा प्रकाशित

खण्ड – ८ राजापुर, श्रावण ०७ गते २०८३ साल संख्या – २

## भाग २

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम राजापुर नगरपालिकाको नगरकार्यपालिकाबाट मिति २०८३।०४।०७ गते पारित भई नगर प्रमुखबाट मिति २०८३ श्रावण ०७ गते प्रमाणितकरण गरी सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

# “शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि”, २०८३

**<u>प्रस्तावनाः</u>**

अस्थायी वा करार प्रकृतिमा कार्यरत शिक्षकहरूले सेवा छोड्दा रिक्त हुने पदमा पुनः विज्ञापन, छनोट, सिफारिस र नियुक्ति प्रक्रिया पूरा गर्न लामो समय लाग्ने र सो अवधिमा विद्यालयको शिक्षण सिकाइ क्रियाकलाप अवरुद्ध हुन जाने भएकाले विद्यालयमा तत्काल बैकल्पिक माध्यमबाट शिक्षक व्यवस्थापन गरी शिक्षण कार्यलाई निरन्तरता दिन वाञ्छनीय भएकोले;

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा (२) को खण्ड (ज) बमोजिम स्थानीय तहलाई प्राप्त विद्यालय शिक्षा सम्बन्धी अधिकारको कार्यान्वयन गर्न र नगरपालिकाको शिक्षा ऐन, २०८० तथा राजापुर नगरपालिकाको प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४  ले दिएको अधिकार प्रयोग गरी राजापुर नगरपालिकाको नगरकार्यपालिकाको मिति २०८३/०४/०६ गतेको बैठकले “**शिक्षक बैङ्क व्यवस्थापन कार्यविधि, २०८३”** स्वीकृत गरेको छ ।

## परिच्छेद-१
## सङ्क्षिप्त नाम र प्रारम्भ

**<u>परिभाषा</u>**

**१) सङ्क्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यविधिको नाम **“राजापुर नगरपालिकाको शिक्षक बैङ्क व्यवस्थापन कार्यविधी २०८३”** रहेको छ।

ख) यो कार्यविधि  राजापुर नगरपालिका क्षेत्रभित्र लागु हुने छ ।

ग) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएपछि मात्र लागु हुने छ।

२) **परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,

क) **"नगरपालिका"** भन्नाले  राजापुर नगरपालिका सम्झनुपर्छ ।

ख) **"प्रमुख"** भन्नाले  राजापुर नगरपालिकाको प्रमुख सम्झनुपर्छ ।

ग) **“उपप्रमुख”** भन्नाले  राजापुर नगरपालिकाको उपप्रमुख सम्झनुपर्छ ।

घ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले राजापुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

ङ) **"शाखा प्रमुख "** भन्नाले राजापुर नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनुपर्छ ।

च) **"शिक्षा अधिकृत"** भन्नाले नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा कार्यरत शिक्षा अधिकृत सम्झनुपर्छ ।

छ) **"स्रोत शिक्षक"** भन्नाले नगरपालिकाले स्रोत शिक्षकको रुपमा नियुक्त भएका शिक्षा,युवा तथा खेलकुद शाखामा कार्यरत स्रोत शिक्षक सम्झनुपर्छ।

ज) **"प्रधानाध्यापक"**भन्नाले सामुदायिक तथा संस्थागत विद्यालयको प्रधानाध्यापक पदमा कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

झ) **"शिक्षक भन्नाले"** सामुदायिक विद्यालयको शिक्षक पदमा नियमानुसार नियुक्त भई कार्यरत शिक्षकलाई सम्झनुपर्छ ।

ञ) **"शिक्षक बैङ्क"** भन्नाले राजापुर नगरपालिकाले नगरपालिका भित्र सामुदायिक विद्यालयमा रहेको अस्थायी करार/ राहत/ नगरपालिका अनुदान/सङ्घीय अनुदान/बालविकास केन्द्रमा रिक्त शिक्षक अस्थायी/करार पदपूर्तिका साथै अतिरिक्त शिक्षक व्यवथापन गर्न बनाएको शिक्षक बैङ्क लाई जनाउँदछ ।

## परिच्छेद-२

## शिक्षक बैङ्क व्यवस्थापनको उद्देश्य

**३.** शिक्षक बैङ्क व्यवस्थापनका उद्देश्यहरु निम्न अनुसार रहनेछन् :

१) सामुदायिक विद्यालयमा रिक्त शिक्षक पद पूर्तिका लागि तत्काल अस्थायी/करारमा आवश्यक शिक्षकको व्यवस्थापन गर्ने ।

२) सामुदायिक विद्यालयमा अतिरिक्त शिक्षक आवश्यकताको पूर्ति गर्ने ।

३) सामुदायिक विद्यालयमा पठनपाठनका कार्यलाई निरन्तरता दिन आवश्यक शिक्षक व्यवस्थापनको लागि स्रोतको रूपमा कार्य गर्ने ।

## परिच्छेद-३
## शिक्षक बैङ्क व्यवस्थापन विधि

**४. शिक्षक बैङ्क व्यवस्थापन विधिः-**

१) सामुदायिक विद्यालयहरुमा रिक्त रहेको पद यथाशीघ्र व्यवस्थापन गरिनेछ।

२) शिक्षक सेवा आयोगद्वारा निर्धारित मापदण्ड,योग्यता तथा स्वीकृत पाठ्यक्रम बमोजिम हुने गरी कम्तिमा १५ दिनको विज्ञापन आह्वान गरी लिखित,मौखिक र आवश्यक परे प्रयोगात्मक परीक्षाको माध्यमबाट शिक्षक बैङ्कका लागि शिक्षक छनौट गर्ने।

३) शिक्षक छनोट गर्दा शिक्षण अध्यापन अनुमति पत्र भएका उम्मेदवारहरूलाई शिक्षक बैङ्कमा सूचीकृत गर्ने।

४) १८ वर्ष पूरा गरेका र ४० वर्ष ननाघेका उम्मेदवारलाई शिक्षक बैङ्कमा सूचीकृत गर्ने ।

५) शिक्षक बैङ्कमा सूचीकृत उम्मेदवारलाई विद्यालयको माग र शिक्षा, युवा तथा खेलकुद शाखाको अनुमतिका आधारमा अवधि तोकी सम्बन्धित विद्यालय व्यवस्थापन समितिले शिक्षक पदमा करार गर्नुपर्ने ।

६) शिक्षक बैङ्कबाट खटिने शिक्षकलाई आवश्यक्ताका आधारमा एक विद्यालयबाट अर्को विद्यालयमा नगरपालिकाले स्थानान्तरण गर्न वा खटाउन सक्ने ।

७) लिखित तथा मौखिक परीक्षामा समावेश भएका परीक्षार्थीहरुले परीक्षामा प्राप्त गरेको अङ्कको आधारमा योग्यताक्रम अनुसार शिक्षक बैङ्कमा सूचीकृत गरी करारमा प्राथमिकता दिने।

८) शिक्षक बैङ्कमा सूचीकृत हुन उम्मेदवारले तहगत रुपमा समेत उम्मेदवारको लागि निबेदन दिई परीक्षामा समावेश हुन पाउनेछन् र उत्तीर्ण उम्मेवारले आफूले रोजेको तहमा सूचीकृत हुन समेत सक्नेछन् ।

## परिच्छेद-४

## शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधा

**५. शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधाः शिक्षक बैङ्कबाट नियुक्ति गरिएका शिक्षकको पारिश्रमिक र सुविधा देहाय बमोजिम हुनेछः-**

१) नियुक्त भएका शिक्षकलाई तहगत रुपमा स्वीकृत दरबन्दीको राहत,अस्थायी कारार र शिक्षण सिकाइ अनुदानको हकमा बालविकास शिक्षक,प्राथमिक, निम्न माध्यमिक र माध्यमिक तृतीय श्रेणीको शिक्षकको नेपाल सरकारले तोके बमोजिम हुन आउने रकम र नगरपालिका अनुदान शिक्षकको हकमा नगरपालिकाले व्यवस्था गरे अनुसारको पारिश्रमिक प्रदान गर्न सक्ने।

२) शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई नगरपालिकाले कार्यरत विद्यालयको सहमती वेगर अन्य आवश्यक देखिएको विद्यालयमा स्थानान्तरण गर्न सक्ने।

३) शिक्षक बैङ्कबाट नियुक्त भएको शिक्षकलाई शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यक पेसागत विकासको अवसर उपलव्ध गराउन सक्ने।

४) यसरी नियुक्त शिक्षकले लामो सार्वजनिक विदा,मनुसन (वर्षे, हिउदे) विदा, सुत्केरी विदा, भैपरी आउने बिदा, पर्व बिदा र विरामी विदा समेत पाउने छ साथै उल्लेखित विदाहरु अर्को आर्थिक वर्षको लागि सञ्चित गर्न पाइने छैन र बिदाको रकम समेत पाउने छैनन्।

## परिच्छेद-५

## शिक्षक छनोट समितिः

६.शिक्षक बैङ्कमा योग्य शिक्षकहरुलाई सूचीकृत गरी नियुक्तिका लागि सिफारिस गर्ने सम्बन्धी व्यबस्थाः

(१) शिक्षक बैङ्कका लागि आवश्यक पर्ने शिक्षक छनोटका लागि देहाय बमोजिमको एक शिक्षक छनोट समिति रहनेछः-

(क) प्रमुख प्रशासिकय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी-संयोजक

(ख) आर्थिक शाखा प्रमुख – सदस्य

(ग) प्रशासन शाखा प्रमुख-सदस्य

(घ) शिक्षा विकास तथा समन्वय ईकाइले वा नगरपालिकाले तहगत र विषयगत रुपमा सूचीकृत गरेका विषय विज्ञ २/२ जना- सदस्य

(ङ) शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य सचिव

(२) नियम ६ को उपनियम (१) मा जुनसुकै कुरा लेखिएको भय तापनि विषयगत र तहगत अन्य विषय विज्ञलाई आमन्त्रित गर्न सकिनेछ।

## परिच्छेद-६

विविध

**७.विविध**

१) शिक्षक बैङ्कबाट नियुक्त गरिएको शिक्षकको कार्यसम्पादन सन्तोषजनक नभएमा नगरपालिकालले जुनसुकै बखत हटाउन सक्नेछ ।

२) यसरी नियुक्त गरिएको शिक्षकलाई नगरपालिकाले कार्य सम्पादन करार गरी खटाउन सक्नेछ ।

३) छनोट भएका शिक्षकको अवधि दुई वर्ष हुनेछ र छनोट भएका शिक्षकको नामावली करार सूचीमा दुई वर्षसम्म राखिने छ र सूचीकृत शिक्षकहरुलाई ५(पाँच) तीन दिनको सम्पर्कको लागि सार्वजनिक सूचना गरी तहगत तथा विषयगतको योग्यताक्रम अनुसार विद्यालयमा खटाइनेछ।

उपनियम ३ मा जुनसुकै कुरा भए तापनि निर्धारित समयमा सम्पर्कमा नआएमा योग्यता क्रमानुसार अर्को उम्मेदवारलाई व्यबस्थापन गरिने छ।

४) शिक्षा, युवा तथा खेलकुद शाखाले आवश्यकताको आधारमा प्रत्येक वर्ष छनोट परीक्षा संचालन गरी कारार सूचीमा थप शिक्षक छनोट गरी नाम समावेश गर्न सकिनेछ ।

५) शिक्षक बैङ्कको सञ्चालनमा कुनै व्यवधान सिर्जना हुन आएमा नगरकार्यपालिकाको बैठकको निणर्यबाट बाधा अड्काउ फुकाउन सकिनेछ ।

६) प्रारम्भिक बालविकास शिक्षकको रुपमा प्रा.वि. तहको विज्ञापनबाट शिक्षक बैङ्कमा छनोट भएको महिला शिक्षकलाई खटाइनेछ।

७) यस कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्याख्या, खारेजी वा बचाउ गर्नु परेमा त्यस्तो अधिकार नगर कार्यपालिकालाई हुनेछ ।

८) यस कार्यविधिमा लेखिएका कुराहरु सङ्घीय वा प्रादेशिक वा राजापुर नगरपालिकाको स्थानीय कानुनसँग बाझिएको हदसम्म अमान्य हुनेछ ।

समाप्त ।